# कृषि विकास बैंक लि. वाट हुने कर्जा कारोवार लगायतका लागि धितो मूल्यांकनकर्ताको रुपमा सूचीकृत हुन आवेदन गर्ने बारेको सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७७/०८/०७ )

कृषि विकास बैंक लि.को विभिन्न कार्यालयहरुबाट प्रदान गरिने बैंकिङ्ग सेवा/कर्जा/सुविधा कारोवार आदिको सुरक्षण वापत दृष्टीवन्धक पारित गराई लिइने धितोको कर्जा प्रवाह गर्न वा धितो लिलामी प्रयोजनका लागि मूल्यांकन गर्न वा अन्य प्रयोजनका परियोजना/धितो मूल्यांकन गर्नका लागि मूल्यांकनकर्ताको रुपमा सूचीकृत हुन ईच्छुक व्यक्ति (जुनियर ईन्जीनियर/ईन्जीनियर) वा कन्सल्टेन्सी फर्म/कम्पनीहरुले बैंकबाट उपलव्ध गराईने आवेदन फाराममा भर्नुपर्ने विवरणहरु भरी तथा सग्लग्न गर्नुपर्ने कागजातहरु संलग्न गरी उक्त फाराम स्वयं उपस्थित भई वा अन्य कुनै माध्यमवाट यो सूचना यस बैंकको आधिकारिक वेभसाइटमा प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी निम्न शर्त सुबिधाको अधिनमा रही शिलवन्दी दरखास्त (आवेदन) पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । धितो मूल्यांकनकर्ता नभएको वा कम भएका कार्यालय वा दुर्गम क्षेत्रमा काम गर्न चाहनेलाई प्राथमिकतामा राखिनेछ । निर्धारित समय व्यतित भए पछि प्राप्त आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईएको छ ।

शर्त सुबिधा :-

१. धितो मूल्यांकनकर्तामा सूचीकृत हुन चाहने व्यक्ति/फर्म/कम्पनीले पेश गर्नु पर्ने आवेदन फाराम यस बैंकको मुख्य कार्यालय स्थित कर्जा तथा ट्रेड फाइनान्स विभाग रामशाहपथ, काठमाण्डौ र सवै प्रदेश कार्यालयहरुवाट प्राप्त गर्न सकिनेछ ।

२. जसको नाममा आवेदन फर्म लिएको हो उसैको नामवाट विधिवत रुपमा फारम भरी निवेदन वापतको रकम रु १०००।–(एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस बैंकको रामशाहपथ काठमाण्डौ स्थित कर्पोरेट बैंकिङ्ग कार्यालयमा रहेको खाता नं ०१००२००११४५५५०२५ मा जम्मा गरी सक्कल भौचर समेत आवेदनपत्रसाथ पेश गर्नु पर्नेछ ।

३. आवेदन गर्नु अघि कुनै बैंक वा वित्तीय संस्थाहरुको धितो मूल्यांकनकर्ता भई काम गरेको भए आफूले गरेको मूल्यांकन प्रतिवेदन संख्या, मूल्यांकन रकम समेत खुल्ने गरी पुष्ट्याई हुने कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. आवेदनसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजात र विवरण आवेदन फारममा उल्लेख भए अनुसार संलग्न गर्नु पर्नेछ ।

५. यस बैंकसग धितो मूल्यांकनकर्ताको रुपमा सूचीकृत हुन आवेदन पेश गर्न इच्छुक फर्म/कम्पनीका तर्फवाट आवेदन पेश गर्ने र फर्म/कम्पनीका तर्फवाट सम्झौता गर्ने आधिकारीक प्रतिनिधिको नाम र दर्जा समेत उल्लेख गरी पेश गर्नु पर्नेछ। तर कम्पनीको हकमा कम्पनीको संचालक समितिको निर्णय गराई सो को प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । धितो मूल्यांकन कार्यमा संलग्न हुने सम्वन्धित फर्म/कम्पनीको प्राविधिकको समेत नाम र दर्जा उल्लेख हुनु पर्नेछ।

६. निर्माण, मेशिन जडान, जलविद्युत आयोजना तथा कृषि सम्बन्धी कुनै पनि परियोजनाको लागत अनुमान कार्य गरेको भए सो को पुष्ट्याई गर्ने कागजातको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

७. कुन प्रदेश कार्यालय अन्तरगत वा कुन कार्यालयको कार्यक्षेत्र अन्तरगत मूल्यांकनकर्ताको रुपमा सूचीकृत हुन चाहेको हो ? सो व्यहोरा खाम बाहिर र आवेदन फर्ममा पनि स्पष्ट खुलाउनुपर्नेछ।

८. आवेदन स्वीकृत भई सूचीकृत भईसकेका धितो मूल्यांकनकर्ताले कार्यसम्पादन सन्तोषजनक हुदा सम्म प्रत्येक २ वर्षमा नविकरण गर्न सक्नेछन्।

९. यस बैंकसँग कर्जा/सुविधा उपभोग गरिरहेका ग्राहक तथा निजका एकाघरका परिवार, कार्यरत कर्मचारी तथा निजका एकाघरका परिवारले धितो मूल्यांकनकर्ताको लागि आवेदन दिन पाउने छैनन्।

१०. आवेदन बुझाउने ठेगानाः श्री कृषि विकास बैंक लि. कर्जा तथा ट्रेड फाइनान्स विभाग, मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौ वा यस बैंकको प्रदेश कार्यालयहरु।

११. अन्य थप जानकारीको लागि बैंकको मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौ स्थित कर्जा तथा ट्रेड फाइनान्स विभागमा सम्पर्क गर्न सकिने छ। (सम्पर्क फोन नं.०१–४२५३८१९ वा कृषि विकास बैंक लि.को आधिकारिक वेभ साईट : www.adbl.gov.np मा सूचना प्रकाशन गरिएकोले उक्त वेभ साईटमा गई आवेदन फारम डाउनलोड गर्न सकिनेछ।)

कृषि विकास बैंक लि.
कर्जा तथा ट्रेड फाइनान्स विभाग
मुख्य कार्यालय
रामशाहपथ, काठमाण्डौ
फोन नं. ०१–४२५३८१९